# सिस्ने गाउँपालिकाको नारी बचत कार्यक्रम सञ्चालन कार्यविधि-२०७८

सिस्ने गाउँकार्यपालिकाको निति तथा कार्यक्रम बमोजिम सिस्ने गाउँपालिकाका छोरीहरुको आर्थिक सामाजिक सुरक्षाको लागि गाउँपालिका भित्र छोरीको स्वास्थ्य र शिक्षाको लागी कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागी कार्यविधि आवश्यक भएकोले प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि सिस्ने गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद -१

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम नारि बचत कार्यक्रम संचालन कार्यविधि २०७८ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अभिभावक" भन्नाले कार्यक्रममा सहभागी भएका छोरीको बाबु वा आमा वा दुबैलाई सम्झनुपर्छ र सो शव्दले धर्मबाबु वा धर्मआमा वा छोरीको पालन पोषण गर्ने एकाघरको मुख्य व्यक्ति समेतलाई जनाउँदछ ।

(ख) "कार्यक्रम" भन्नाले नारी बचत कार्यक्रमलाई सम्झनुपर्दछ।

(ग) "खातावाला" भन्नाले बैङ्क खाता नारी वचत कार्यक्रम अन्तर्गत कार्यक्रम अन्तर्गत खाता खोलिएको छोरीलाई सम्झनुपर्दछ।

(घ) "गाउँपालिका" भन्नाले सिस्ने गाउँपालिका सम्झनुपर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ।

(च) "सम्झौता" भन्नाले सम्वन्धित स्थानिय तह र सेवा प्रदायक संस्था विच भएको सम्झौतालाई सम्झनुपर्दछ।

(छ)"सम्वन्धित स्थानिय तह" भन्नाले खातावालाको स्थायी बसोवास रहेको सिस्ने गाउँपालिका सम्झनुपर्दछ।

(ज) "संरक्षक" भन्नाले अभिभावक विहिन छोरीको पालन पोषण तथा संरक्षण गर्ने उदेश्यले कानुन वमोजिम संचालित अनाथालय वा वैकल्पिक स्याहार दिने संस्थाका प्रमुखलाई सम्झनुपर्दछ र सो शव्दले व्यक्ति सरक्षक भएकोमा त्यस्ता व्यक्ति समेतलाई जनाउनेछ।

(झ) "सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त गरि लुम्विनि प्रदेश अन्तर्गतका स्थानिय तहमा शाखा कार्यालय रहेको कृषि विकास बैंक वा स्थानिय तहले बैङ्किक कारोवार गरिरहेको बैङ्कलाई सम्झनुपर्दछ।

परिच्छेद-२

## नारि बचत कार्यक्रम

३ कार्यक्रममा आवद्घ हुने: (१) संवत २०७७ साल श्रावण १ गते वा सो मितिभन्दा पछि जन्मेका छोरीहरु मात्र कार्यक्रममा आवद्घ हुन सक्नेछन्। छोरीलाई कार्यक्रममा आवद्घ गराउनका लागि निजका अभिभावक वा संरक्षकले जन्मदर्ता र आवश्यक अन्य कागजातहरु संलग्न गरी आफू बसोवास गरिरहेको स्थानीय तहमा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) सम्बन्धित सथानिय तहले उफदफा १ बमोजिम प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रक्रिया पुऱ्याइ कार्यक्रम अन्तर्गत खाता खोल्नुको लागि कागजात सहित सम्बन्धित अभिभावक वा संरक्षक मार्फत सेवा प्रदायक संस्थामा अनुसूची २ बमोजिमको ढाँचामा सिफारिस गरी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भइ आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अन्तर्गत नियमानुसार खाता खोली खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सोको खाता नंम्बर सहितको विवरण अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(४) संवत् २०७७ साउन १ गते वा सो मितिपछि जन्मिएका छोरीलाई कार्यक्रममा आवद्ध गर्नु निजका अभिभावकको कर्तव्य हुनेछ।

(५) प्रचलित कानून बमोजिम स्थापित अनाथालय वा वैकल्पिक स्याहारमा आश्रित रहेको नवजात छोरीलाई कार्यक्रममा आवद्ध गर्नु त्यस्तो संरक्षकको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम कार्यक्रममा आवद्ध हुनको लागि संवत् २०७७ साल साउन १ गतेदेखी जन्मेका सम्पूर्ण छोरीहरुलाई ४५ दिनभित्र जन्म दर्ता र सुत्केरी स्वास्थ्य संस्थामा भएको साथै गर्भवती जाँच चारपटक भएको कार्डको (फोटोकपी) प्रतिलिपी पेश गर्नुपर्नेछ।

४. **<u>सिस्ने गाउँपालिका रकम उपलब्ध गराउने तथा रकम खातामा जम्मा हुनेः</u>** (१) संवत् २०७७ साल साउन १ गते वा सो मितिपछि जन्मिएका सिस्ने गाउँपालिकाभित्रका छोरीलाई कार्यक्रम अन्तर्गत सिस्ने गाउँपालिकाले निज छोरी २० वर्षकोलागि एकमुष्ट रु. ५००० (अक्षरुपी पाँच हजार मात्र) एक पटक राखिदिनेछ। यसरी उपलब्ध गराउने रकम स्थानीय सरकारले आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ।

(२) उफदफा (१) बमोजिमको रकम खातावालाको बैङ्क खातामा जम्मा हुने गरी यस गाउँपालिकाले उपलब्ध गराउनेछ। यस्तो रकम गाउँपालिकाले अग्रिम वा सोधभर्नाको रुपमा एकमुष्ट वा पटक पटक गरी उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम स्थानीय तहले दफा (३) को उपदफा (३) बमोजिम सेवा प्रदायक संस्थाबाट प्राप्त विबरण अनुसारका खातावालाको बैङ्क खातामा उपदफा (१) बमोजिम हुने गरी नियमित रुपमा जम्मा गरिदिनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम सिस्ने गाउँपालिकाबाट सम्बन्धित स्थानीय तहले रकम प्राप्त गर्ने विधि अग्रिम वा सोधभर्नाको रुपमा एकमुष्ट वा पटक पटक सम्बन्धित स्थानीय तहबीचको समन्वयबाट निर्धारण गर्न सकिनेछ।

(५) यस कार्यविधि बमोजिम खोलिएको बैङ्क खातामा सम्बन्धित खातावाला वा निजका अभिभावक वा संरक्षकले आफ्नो तर्फबाट समेत रकम जम्मा गर्न सक्नेछन।

(६) उपदफा (१) बमोजिमको रकम एक दम्पतीको बढीमा दुई छोरीलाई मात्र उपलब्ध गराइने छ। तर संरक्षकको संरक्षणमा रहेका छोरीहरुको लागि यो सीमा लागु हुने छैन।

(७) देहायको अवस्थामा उपदफा १ बमोजिमको रकम खातावालालाई उपलब्ध हुने छैनः

(क) छोरीको उमेर २० (बिस) वर्ष पुगेमा वा

(ख) कार्यक्रम सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छाडेमा वा

(ग) उमेर २० (बिस) वर्ष नपुग्दै बिबाह गरेको अवस्थामा।

(८) उपदफा (७) अनुसारको अवस्था भएमा त्यस्तो जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु सम्बन्धित खातावालाई वा अभिभावक वा संरक्षकको कर्तव्य हुनेछ। सम्बन्धित स्थानीय तहले यसरी जानकारी प्राप्त हुन आएमा वा अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा अभिलेख व्यवस्थित गर्नु पर्नेछ।

**५. खातावालाले पाउने सेवा सुविधा सम्बन्धी व्यबस्थाः** (१) कार्यक्रम अन्तर्गत खातावालाले पाउने सेवा सुविधा सम्बन्धित स्थानीय तह र सेवा प्रदायक संस्थाबीचको सम्झौता बमोजिम हुनेछ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिमको सम्झौता अनुसार खातावालाले पाउने ब्याज तथा अन्य नगद सुविधाहरु सम्बन्धित व्यक्तिको खातामा नै जम्मा गर्नु पर्नेछ।

(३) सम्झौता बमोजिम खातावालालाई नगद बाहेकका जिन्सी सामग्री वा अन्य सुविधाहरु उपलब्ध गराउनु पर्ने अवस्थामा सेवा प्रदायक संस्थाले सम्बन्धित स्थानीय तहसंग समन्वय गरी निश्चित विधि अपनाई त्यस्ता सुविधाहरु उपलब्ध गराउन सक्नेछ।

६. **<u>खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धी व्यवस्था:</u> (**१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाले बिस वर्ष पुरा भएको र माध्यामिक शिक्षा पुरा गरेको प्रमाण सहितको निवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ। यस्तो निवेदन प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले रकम भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लेखी पठाउनेछ। सम्बन्धित स्थानीय तहबाट लेखि आएपछि मात्र सेवा प्रदायक संस्थाले खातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने ब्याज र अन्य रकम एकमुष्ट रुपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ।

(२) यस कार्यक्रममा आवद्ध खातावालाको खातामा दफा (४) को उपदफा (७) अनुसारको अवस्थामा समेत रकम जम्मा भएको रहेछ भने त्यस्तो रकम निजलाई भुक्तानी दिइने छैन।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (१) र (२) बमोजिमको व्यहोरा आफ्नो अभिलेखमा जनाई सो को जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो व्यहोरा पुष्टी हुने कागजात सहित खातखवाला वा निजका अभिभावक वा संरक्षकले खाताको म्याद पुग्नु अगावै वा छोरीको माध्यमिक शिक्षा पुरा नहुँदै पनि खातामा रहेको रकम भुक्तानीको लागि सम्बन्धीत स्थानीय तहमा निवेदन दिन सक्नेछ। सम्बन्धित स्थानीय तहले बुझ्दा सो व्यहोरा पुष्टी हुन आएमा मन्त्रालयको सहमति लिई खाताको समयावधि समाप्त हुनु अगावै पनि खातामा रहेको रकम सम्बन्धित खातावालालाई भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लिखित जानकारी गराउने छ र यसरी जानकारी प्राप्त हुन आएमा सेवा प्रदायक संस्थाले सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षणलाई म्याद पुग्नु अगावै पनि रकम भुक्तानी दिनु पर्नेछ।

(क) खातावाला छोरीको मृत्यु भएमा वा

(ख) असाध्या वा कडा रोग लागेको वा गम्भिर प्रकृतिको अपाङ्गता भएको भनी सरकारी अस्पतालबाट प्रमाणित भइ सोही कारणले विधालय शिक्षा पुरा गर्ने नसकेको वा नसक्ने अवस्था भएमा वा

(ग) अविभावक वा सरक्षक (व्यक्ति संरक्षक भएको अवस्थामा) मृत्यु भई आर्थिक कठिनाईका कारणले विधालय शिक्षालाई निरन्तरता दिन वा पुरा गर्ने नसकेको वा नसक्ने अवस्था भएमा।

(५) खाताको समयावधि समाप्त हुनु अगावै उपदफा (४) को खण्ड (क) बमोजिम रकम भुक्तानी भएको अवस्थामा त्यस्तो खाताको निरन्तरता रहने छैन। तर खण्ड (ख) र (ग) को अवस्थामा भने खाता निरन्तर हुनेछ।

(६) उपदफा (४) र दफा ३ को उपदफा (१) बमोजिम पेश हुन आएको व्यहोरा वा कागजात र प्रमाणहरु झुठ्ठा वा किर्ते ठहरिएमा सम्बन्धित वडाले सेवा प्रदायक संस्थालाई सोको जानकारी गराउनेछ। यस्तो अवस्थामा खाता खोलिने छैन खोलि सकिएको खाताको हकमा त्यस्तो खातामा रहेको रकम खातावालालाई भुक्तानी गरिने छैन यसरी झुठ्ठा व्यहोरा वा कागजात वा प्रमाणहरु पेश गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ।

(७) उपदफा (२) र दफा (६) बमोजिम सम्बन्धित खातावालाई भुक्तानी हुन नसकेको रकम सेवा प्रदायक संस्थाबाट स्थानीय तहले फिर्ता लिइ सोही कार्यक्रममा खर्च हुने व्यवस्था मिलाउनु पर्नेछ।

परिच्छेद ३

## सेवा प्राप्ति सम्बन्धि व्यवस्था

(८) सम्झौता रद्ध हुनेः (१) दफा ७ बमोजिम स्थानिय तह र सेवा प्रदायक संस्थाविच भएको सम्झौता देहायको अवस्थामा रद्ध हुनेछनः

(क) सेवा प्रदायकले समझौता अनुसार खातावालाई सेवा प्रदान नगरेको।

(ख) सम्झौताका शर्त तथा यस कार्यविधि बमोजिमका व्यवस्थाको पालना नहुनाले कुनै पक्षलाई असुविधा पर्न गएमा सोको जानकारी अर्को पक्षलाई गराई सम्झौता रद्ध गर्ने सकिने छ।

(ग) स्थानीय सरकारबाट कार्यक्रम खारेज गरिएमा वा कार्यक्रमलाई निरन्तरता दिन नसकिने अन्य कुनै कारण परेमा कार्यपालिकाबाट समन्वय गरी सम्वन्धित स्थानीय तहले कुनै पनि समयमा सम्झौता रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा जम्मा रहेको रकम सम्वन्धित खातावालालाई यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी भुक्तानी दिइनेछ र खण्ड (क)

र (ख) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा रहेको रकम अन्य सेवा प्रदायक संस्थामा खाता खोली स्थानान्तरण गरिनेछ।

परिच्छेद-४

## विविध

९. **अभिलेख तथा प्रतिवेदनः** (१) सम्वन्धित स्थानिय तहले कार्यक्रममा आवद्ध छोरीहरुको आधारभूत अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नछ। यसरी अद्यावधिक गरेको विवरण प्रत्येक महिना मन्त्रालयमा पठाई आफ्नो वेवसाइट र सूचना पाटीमा समेत प्रकाशित गर्नु पर्नेछ।

**(२) सम्वन्धित स्थानीय तहबाट प्राप्त विवरणको आधारमा कार्यक्रममा आवद्ध छोरीको सिस्ने गाउँपालिकाको एकिकृत अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।**

(३) कार्यक्रमको सञ्चालन, प्रतिवेदन र अभिलेख लगायतको कार्यलाई व्यवस्थित गर्नको लागि मन्त्रालयको व्यवस्थापन सूचना प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सक्नेछ।

१०. **अनुगमन, मुल्याङ्कन तथा निर्देशनः** (१) कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन सम्वन्धित स्थानीय तहको हकमा सोही स्थानीय तहले र समग्र रुपमा मन्त्रालय तथा मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत गर्न सक्नेछ।

(२) मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यक्रम सञ्चालनका सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

११. **कार्यक्रम समन्वय तथा खर्च व्यवस्थापनः** (१) कार्यक्रमको सञ्चालन प्रदेश सरकार, स्थानीय तह र अन्य सम्वन्धित निकायसंगको समन्वयबाट हुनेछ। यस्तो समन्वय मन्त्रालयले गर्नेछ।

(२) कार्यक्रम सञ्चालनका क्रममा अनुसूचीहरुको तयारी तथा यस्तै प्रकारको अन्य सामान्य खर्च व्यवस्थापनको लागि गाउँपालिकाले उपलव्ध गराउन सक्नेछ।

१२. **लेखा परिक्षणः** यस कार्यक्रमको लेखा परिक्षण प्रचलित कानूनबमोजिम हुनेछ।

**१३. <u>अधिकार प्रत्यायोजनः</u>** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धमा मन्त्रालयलाई प्राप्त अधिकार मन्त्रालयले मातहत निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१४. <u>बाधा अड्काउ फुकाउ तथा संसोधनः</u>** (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाइ कार्यक्रम सुचारु गर्न सक्नेछ।

(२) कार्यविधिमा कुनै संसोधन गर्न आवश्यक भएमा स्थानीय सरकारबाट संशोधन हुनेछ।

**अनुसूची-१**

**(दफा ३ को उपदफा (२) संग सम्वन्धित )**

<u>खाता खोल्नेको लागि स्थानिय तहले सेवा प्रदायक संथामा सिफारिस गर्ने ढाँचा</u>

सिस्ने गाउँपालिका

गाउँपालिकाको कार्यालय,

रुकुमकोट, रुकुम पूर्व।

मिति............................

श्री प्रबन्धक ज्यू,

.............................बैङ्क

........................लुम्बिनी प्रदेश।

विषयः- खाता खोलिदिने बारे ।

प्रस्तुत विषयमा लुम्विनि प्रदेश सरकारको बैंक खाता छोरीको, सुरक्षा जिवन भरीको कार्यक्रम अन्तर्गत देहायका व्यक्तिहरुको खाता खोलिदिनुहुन आवश्यक कागजात सहित सिफारिस गरी पठाइएको छ। निजहरुको खाता खोली खाता नंबर सहितको जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ।

**<u>देहायः</u>**

| क्र.स. | खातावाला छोरीहरुको नाम | जन्म मिति | जन्म दर्ता नं र दर्ता मिति | अभिभावक वा संरक्षकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

दस्तखतः

नामः चिन्तामणि दाहाल

पदः प्रमुख प्रशासकीय अधिकृत

अनुसुची ३

(दफा ७ संग सम्बन्धित)

सम्बन्धित स्थानीय तह र सेवा प्रदायक संस्थाविच हुने सम्झौतामा खुलाउनु पर्ने विषयहरु

- **सम्झौताको अवधिः** कार्यविधि बमोजिम रद्ध नहुँदासम्म ।
- **खाता खोल्दा न्युनतम मौज्दातः** शुन्य मौज्दात ।
- **व्याजदरः** सेवा प्रदायक संस्थाले उपलब्ध गराउन सक्ने उच्चतम व्याजदर ।
- **बीमाः** कार्यक्रम अन्तर्गत खोलिएका खातामा रहेको बचत रकम कुनै पनि अवस्थामा जोखिममा नपर्ने व्यवस्था।
- **थप वोनस वा अन्य कुनै लाभः** खातामा मौज्दात रहने रकमको व्याजका अतिरिक्त थप बोनस वा अन्य कुनै लाभ।
- **नगद वा सामाग्री सहयोगः** सेवा प्रदायक संस्थाले अध्यायनरत छोराछोरीको लागि उपलब्ध गराउन सक्ने छात्रवृति (नगद वा सामाग्री)।
- **सेवा शुल्कः** रकम जम्मा गर्ने झिक्ने लगायतका अन्तर बैङ्क सेवा लिँदा शुल्क नलाग्ने व्यवस्था।
- **सुरक्षित लगानीः** बैङ्कले नै मुनाफा हुने क्षेत्रमा लागनी गरी खातामा रकम बढाइदिने व्यवस्था।
- **सूचना आदान प्रदान तथा रकम जम्मा गर्ने व्यवस्थाः** बैङ्कले खाता खुलेको जानकारी लगायतका सूचना सम्बन्धित स्थानीय तहलाई समयमै उपलब्ध गराउने र सम्बन्धित स्थानीय तहले नियमित रुपमा रकम जम्मा गर्नुपर्ने।
- **अन्य विषयहरुः**

## अनुसूची ४

**(दफा ९को उपदफा (१) संग सम्बन्धित)**

**सम्बन्धित स्थानीय तहले राख्ने अभिलेखको ढाँचा**

सिस्ने गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय ..............................

| क्र.स. | खातावाला छोरीहरुको नाम | जन्म मिति | जन्म दर्ता नं र दर्ता मिति | बाबु र आमाको नाम | अभिभावक वा संरक्षकको नाम | ठेगाना | खाता खोलेको मिति | खाता खोलेको बैङ्कको नाम | बैङ्क खाता नंम्बर | खाताको अवधि पुग्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |